१०५३।६७१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३०५/२०७२/०७३

निर्णय नं. ६७१

बारा जिल्ला कलैया नगरपालिका वडा नं. १४ बस्ने मुकेश कुमार कुशवाहा समेत...............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा ....................१ विपक्षी
सूचना अधिकारी, श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा ...................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

बारा जिल्ला कलैया नगरपालिका वडा नं. १४ बस्ने मुकेश कुमार कुशवाहा समेतले श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।०५ मा पुनरावेदन गरेको । सो सम्वन्धमा आयोगको मिति २०७२।०५।०९ को आदेश बमोजिम श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारालाई मिति २०७२।०५।०९ च.नं ५६ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बाराले मिति २०७२।०८।२९, च.नं. ०४७/०७२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पठाएकोले प्राप्त सूचनाको प्रतिलिपि पुनरावेदकलाई उपलब्ध गराउनु र प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।